# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०८।१२ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

यातायात व्यवस्था कार्यालय(सवारी), इटहरी, कोशी कार्यालयले राजश्व रकम हिनामिना गरेको भन्ने यस आयोगमा पर्न आएको उजुरी उपरको अनुसन्धानको क्रममा आ.व. २०६९/०७० देखि आ.व. २०७०/७१ सम्मको जाँच अवधिमा हालसम्म संकलित प्रमाणका कागजात प्रमाणहरू यातायात व्यवस्था कार्यालय(सवारी), ईटहरी, कोशीले आ.व. २०६९/७० मा रु.४८,०८,४८,०३७/- र आ.व. २०७०/७१ मा रु.६१,२६,८३,१७३/- राजश्व आर्जन गरेको देखिन्छ भने सोही अवधि आ.व. २०६९/०७० मा रु.४७,९४,४२,१६३।१० आ.व. २०७०/७१ मा रु.५२,४४,७१,९८३।५० मात्र बैंक दाखिला भए गरेको देखिन आएको हुँदा आ.व. २०६९/०७० मा रु.१४,०५,८७३।९० र आ.व. २०६९/०७० मा रु.८,८२,११,१८९।५० घटि राजश्व बैंक दाखिला गरी गराई राजश्व बापतको रु.८,९६,१७,०६३।४० खाइ मासी हिनामिना गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७(ग) बमोजिमको कसूर गरेको पुष्टी हुन आएअनुसार प्रतिवादी उपसचिव होमनाथ भट्टराई उपर बिगो रु.१४,०५,८७३।९० (चौध लाख पाँच हजार आठ सय त्रिहत्तर रुपैयाँ नब्बे पैसा), प्रतिवादी उपसचिव विष्णुप्रसाद पौडेल उपर बिगो रु.८,८२,११,१८९।५० (आठ करोड बयासी लाख एघार हजार एक सय उनान्नब्बे रुपैया पचास पैसा) र प्रतिवादीहरू लेखापाल सुरेश अधिकारी, लेखापाल मणिराज दाहाल र सहलेखापाल टंकबहादुर खड्का समेत उपर जनही बिगो रु.८,९६,१७,०६३।४० (आठ करोड छयान्नब्बे लाख सत्र हजार त्रिसठ्ठी रुपैयाँ चालिस पैसा) कायम गरी निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ बमोजिम जरिवाना तथा दफा ३(१) र ३(१) को देहाय (झ) बमोजिम उल्लेखित प्रतिवादीहरू उपर हदैसम्मको सजायँको मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता